

# अध्याय -९

# धनी, सम्पन्न वा उच्च ओहोदाका मानिसहरूमा पुग्ने लक्ष्य वा मिसन

यस अध्यायका मूल पदहरूः दानिएल ४ः२; २ राजा ५ः१-१९; यूहन्ना ३ः१-१२; यूहन्ना ७ः४३-५२; मत्ती १९ः१६-२२; यूहन्ना १९ः३८-४२।

<u>यस अध्यायको मूल सार पदः</u> *"सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?" मत्ती १६ः२६।*

दुई हजार वर्ष अघि लेखिएतापनि बाइबल हाम्रो संसारको निम्ति परमेश्वरको सत्य प्रकट गरिएको पवित्र धर्मशास्त्र हो। यसमा धेरै सत्यहरू प्रकट गरिएकाछन् तिनीहरूमा मानव स्वभाव पनि एक हो। त्यो स्वभाव चाहे प्रथम शताब्दीको यरुशलेममा रहेका मानिसहरूको होस् वा वर्तमान एक्काइसौं शताब्दीका विश्वका मानिसहरू होस्, तिनीहरूको आधारभूत स्वभाव एउटै छः मानिसहरू पापी छन्  र सबैलाई परमेश्वरको अनुग्रहको आवश्यकता छ।

चाहे धनी वा सम्पन्न व्यक्ति होस्, वा शक्तिशाली वा अख्तियारवालाहरू होस्, सबै पापी छन्  र तिनीहरू सबैलाई परमेश्वरको अनुग्रहको आवश्यकता छ।

बाइबलको समयमा पनि परमेश्वरको अनुग्रहको आवश्यकता भएका शक्तिशाली, सम्पन्न मानिसहरू थिए, जुन आधुनिक युगका धनी र

शक्तिशालीहरूभन्दा फरक थिएन। प्रायजसो ती धनी, सम्पन्न र शक्तिशाली मानिसहरू धेरै असुरक्षित हुन्छन्। तर गरिब, कमजोरीहरू र आवश्यक पर्नेहरूलाईमात्र मुक्ति दिने परमेश्वरको चाहना होइन, धनी, सम्पन्न र शक्तिशाली मानिसहरूले पनि मुक्ति पाउनुपर्छ भन्ने उहाँको जिकिर छ। बाइबलमा केही पात्रहरूको ज्वलन्त उदाहरणहरू छन् जो शक्तिशाली, वा धनी, वा दुवै थिए, जसलाई तिनीहरू बसेका राष्ट्रहरूको लागि तिनीहरू आशिष हुन परमेश्वरले प्रयोग गर्नुभएको थियो। तिनीहरूमा अब्राहम, इसहाक, अय्यूब, सोलोमन, र योसेफ छन्, ती केवल थोरैमात्र उदाहरणहरू हुन्।

*धनी, सम्पन्न र शक्तिशाली मानिसहरूलाई परमेश्वरको लक्ष्यको बारेमा यस अध्यायमा हामी नियाल्नेछौं। ती मानिसहरूकहाँ पुग्न परमेश्वरले आफ्ना भक्तहरूलाई कसरी प्रयोग गर्नुभएको थियो र उहाँले सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई आजका ती धनी, सम्पन्न र शक्तिशालीको सामु उहाँको गवाही हुन उहाँले आह्वान गरिरहनुभएको छ र तयार पारि रहनुभएको छ भनेर हामी हेरौं।*

## १. नेबुक्दनेजार

हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू भएको हैशियतले परमेश्वरको "असिमित क्षतिपूर्ति"लाई विश्वास गर्छौं। मानव प्राणीलाई मुक्ति दिन येशूको क्रूसको मृत्यु समस्त मानव प्राणीको निम्ति हो। कतिपय इसाईहरूले यसमा सहमत नभएको पाइन्छ। को मुक्ति पाउँछन् र कसले पाउँदैनन् भनेर पहिले नै परमेश्वरले निधारमै लेखु हुन्छ भने कतिपय इसाईहरूले विश्वास गर्छन्। तर यस मामिलामा बाइबल स्पष्ट छ। १ तिमोथी २:४मा लेखिएको छ, "सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा परमेश्वरको हो।" येशूको बलि "उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि।" १ यूहन्ना २:२। त्यसैकारण पृथ्वीको जग बसाल्नुभन्दा अघि नै (एफिसी १:४) प्रत्येक व्यक्तिले मुक्ति पाउन् भनेर उहाँले चुन्नुभएको थियो। सबैले उहाँलाई नरोजेतापनि सबैले मुक्ति पाउन् भन्ने उहाँको इच्छा थियो। त्यसैले, बाइबलमा हामी विभिन्न मानिसहरूको विवरण पाउँछौं जो परमेश्वरले प्रयोग गर्नुभएको थियो ताकि शक्तिशाली मानिसहरूकहाँ तिनीहरू पुग्न सकुन्।

तत्कालिन पौराणिक विश्वको शक्तिशाली सम्राट्हरूमा एक जना
सम्राट्कहाँ मुक्तिको हात कसरी बढाइएको थियो भनेर दानिएल ४मा लेखिएको
कथा पढ्नुहोस्: "१ सारा पृथ्वीमा रहने विभिन्न भाषा बोल्ने जाति-जातिहरूका
मानिसहरूलाई राजा नबूकदनेसरबाटः तिमीहरूलाई ठूलो संवृद्धि मिलोस्! २
सर्वोच्च परमेश्वरले मेरो निम्ति गरिदिनुभएका आश्चर्यकर्मका चिन्हहरू र
अचम्मका कामहरूको बारेमा तिमीहरूलाई बताउन पाउँदा म खुशी छु। ३
उहाँका चिन्हहरू कति महान् छन्, उहाँका अचम्मका कामहरू कति शक्तिशाली
छन्! उहाँको राज्य अनन्तको राज्य हो, उहाँको प्रभुत्व पुस्तौं-पुस्तौंसम्म
रहिरहन्छ। ४ म नबूकदनेसर, सन्तुष्टि र समृद्धिसाथ आफ्नो दरबारमा
बसिरहेको थिएँ। ५ मैले एउटा यस्तो सपना देखें, जसले मलाई भयभीत
तुल्यायो। जसै म ओछ्यानमा ढल्किरहेको थिएँ, मेरो मनमा आएका कल्पनाहरू
र दर्शनहरूले गर्दा म तर्सिएँ। ६ यसकारण त्यस सपनाको अर्थ खोल्नलाई
बेबिलोनका सबै ज्ञानी पुरुषहरूलाई मेरो सामुन्ने खड़ा गराउने हुकुम गरें। ७
जब जादूगरहरू मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेहरू आए, मैले
उनीहरूलाई सपना बताएँ, तर उनीहरूले मलाई त्यसको अर्थ बताउन सकेनन्।
८ अन्तमा दानिएल मकहाँ आए र मैले तिनलाई सपना बताइदिएँ। (तिनको
नाउँ मेरो देवताको नाउँजस्तै बेलतसजर हो, र पवित्र देवताहरूको आत्मा तिनमा
छ।) ९ मैले भने, "हे बेलतसजर, जादूगरहरूका प्रमुख, म जान्दछु कि तिमीमा
पवित्र देवताहरूको आत्मा छ, र तिम्रो लागि कुनै पनि रहस्य अप्ठ्यारो छैन।
सपना यही हो, यसको अर्थ मलाई बताइदेऊ। १० ओछ्यानमा पल्टिरहँदा मैले
देखेका दर्शनहरू यी नै हुन्: मैले देखें, मेरो सामुन्ने पृथ्वीको बीचमा एउटा ठूलो
रूख खड़ा भएको रहेछ। त्यो अत्यन्तै अग्लो थियो। ११ त्यो रूख ठूलो र
बलियो हुँदैगयो र त्यसको टुप्पोले आकाश छोयो, पृथ्वीको छेउसम्म पनि त्यो
देखिन्थ्यो। १२ त्यसका पातहरू सुन्दर र त्यसका फलहरू प्रशस्त थिए, र
त्यसमा सबैको लागि खाना थियो। त्यसको मुनि वनका पशुहरूले वास पाउँथे,
त्यसका हाँगाहरूमा चराहरू बस्थे, त्यसबाट सबै प्राणीहरूले खाना पाउँथे। १३
"ओछ्यानमा पल्टिरहेको बेला मैले दर्शनमा मेरो अगि स्वर्गबाट एक
समाचारवाहक, एक पवित्र जन तल आइरहेका देखें। १४ उनले चर्को स्वरमा
कराएर भने, "त्यस रूखलाई ढालिदे र हाँगाहरूलाई काटिदे, त्यसका पातहरू

झारिदे र त्यसका फलहरू छरपष्ट पारिदे। पशुहरू त्यसको छहारीबाट र चराहरू त्यसका हाँगाबाट भागून्। १५ तर फलाम र काँसाले बाँधिएको त्यसका ठुटो र जराहरू जमिनमा, खेतको घाँसमा नै रहोस्। "आकाशको शीतले त्यसलाई भिजाओस्, र त्यो पशुहरूसँग पृथ्वीका बोट-बिरुवाहरूका बीचमा रहोस्। १६ त्यसको मन मानिसकोबाट बद्लिएर त्यसलाई पशुको मन दिइओस्, जबसम्म त्यसको लागि सात काल बित्नेछैनन्। १७ "समाचार वाहकहरूद्वारा निर्णय सुनाइएको छ, पवित्र जनहरूले फैसलाको घोषणा गर्दछन्, ताकि जीवित प्राणीहरूले जानून् कि मानिसहरूका राज्यमाथि सर्वाधिकार सर्वोच्चकै छ, र उहाँले इच्छा गर्नुभएकाहरूलाई ती राज्यहरू दिनुहुन्छ र मानिसहरूमा सबभन्दा नम्रलाई ती राज्यमाथि खड़ा गर्नुहुन्छ।" १८ "म राजा नबूकदनेसरले देखेको सपना यही हो। अब हे बेलतसजर, यसको अर्थ मलाई बताइदेऊ, किनभने मेरो राज्यमा भएका ज्ञानी पुरुषहरूमध्ये कसैले पनि यसको अर्थ मलाई बताउन सक्दैन। तर तिमीले सक्छौ, किनभने पवित्र देवताहरूका आत्मा तिमीमा छ।" १९ दानिएल (जसलाई बेलतसजर पनि भनिन्छ) केही बेरसम्म अत्यन्तै व्याकुल भए, र आफ्ना विचारहरूले तिनलाई भयभीत पारे। यसकारण राजाले भने, "हे बेलतसजर, सपना र त्यसको अर्थले तिमीलाई व्याकुल नपारोस्।" बेलतसजरले जवाफ दिए, "मेरा प्रभु, यदि यो सपना हजूरका शत्रुहरूलाई र यसको अर्थ हजूरका विरोधीहरूलाई लागू हुने भए त हुनेथियो। २० हजूरले देख्नुभएको रूख, जुन बढ़ेर विशाल र बलियो भयो, र सम्पूर्ण पृथ्वीबाट देखिने गरी त्यसको टुप्पाले आकाश छोयो, २१ सुन्दर पातहरू र प्रशस्त फलहरूसहित जसले सबैलाई खाना दिन्थ्यो, वनका पशुहरूलाई छहारी दिन्थ्यो, र जसका हाँगाहरूमा आकाशका चराहरूका लागि गुँड़हरू थिए, २२ हे महाराजा, हजूर नै त्यो रूख हुनुहुन्छ। हजूर महान् र शक्तिशाली हुनुभएको छ, हजूरको महानता बढ़ेर आकाशसम्मै पुगेको छ, र हजूरको प्रभुत्व पृथ्वीको पल्लो छेउसम्मै छ।

२३ "हे महाराजा, हजूरले एक समाचारवाहक, एक पवित्र जनलाई स्वर्गबाट तल झर्दै र यसो भन्दैगरेको देख्नुभयो, 'त्यस रूखलाई काटेर नष्ट गरिदे, तर खेतको घाँसमा फलाम र काँसाले बाँधिएको अवस्थामा ठुटोचाहिँ छोड़िदे, जब कि त्यसका जराहरू जमिनमा नै रहन्छन्। आकाशको शीतले त्यो भिजोस्, त्यसको लागि सात काल नबितुञ्जेल त्यो जङ्गली जनावरहरूजस्तै भएर

जिओस्।" २४ "हे महाराजा, त्यसको अर्थ यही हो, र सर्वोच्चले मेरा प्रभु महाराजाको विरुद्धमा दिनुभएको हुकुम यही होः २५ हजूर मानिसहरूबाट निकालिनुहुनेछ र जङ्गली पशुहरूसँग बस्नुहुनेछ, गाईबस्तुहरूझैं हजूरले घाँस खानुहुनेछ र आकाशको शीतले हजूर भिज्नुहुनेछ। हजूरको लागि सात काल बित्नेछ, जबसम्म हजूरले यो जान्नुहुन्न कि मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ। २६ जरासहित ठुटो छोड्नू भन्ने हुकुमको अर्थ यो होः स्वर्गले शासन गर्दछ भन्ने कुरा जब हजूरले स्वीकार गर्नुहुनेछ, तब हजूरको राज्य हजूरलाई फिर्ता गरिनेछ। २७ यसकारण हे महाराजा, मेरो सल्लाह लिन हजूर मन्जूर गर्नुहोस्, धर्म गरेर आफ्ना पापलाई त्याग्नुहोस् र अत्याचारमा परेकाहरूलाई दया देखाएर आफ्नो दुष्टतालाई छोड्नुहोस्। हुन सक्छ, त्यसपछि हजूरको ऐश्वर्य कायम रहनेछ। २८ यी सबै कुराहरू राजा नबूकदनेसरमाथि घट्यो। २९ बाह्र महिनापछि जब राजा बेबिलोनको राजदरबारको कौसीमा टहलिँदैथिए, ३० उनले भने, "के यो महान् बेबिलोन होइन, जुन मैले आफ्नो कीर्तिका महिमाको लागि मेरो ठूलो शक्तिद्वारा आफ्नो राजकीय निवासस्थान बनाएको छु?" ३१ यी शब्दहरू उनको ओठबाट नसिद्धिँदै स्वर्गबाट एउटा यस्तो वाणी आयो, "नबूकदनेसर राजा, तेरो लागि फैसला गरिएको छः तँबाट तेरो राजकीय अधिकार खोसिएको छ। ३२ तँ मानिसहरूबाट धपाइनेछस् र जङ्गली पशुहरूसित बस्नेछस्, तैंले गाईबस्तुले झैं घाँस खानेछस्। तेरो लागि सात काल बित्नेछ, जबसम्म तैंले यो स्वीकार गर्दैनस् कि मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ।" ३३ नबूकदनेसरको बारेमा जो कुरो भनिएको थियो, तुरुन्तै पूरा भयो। उनी मानिसहरूबाट धपाइए र उनले गाईबस्तुले झैं घाँस खान थाले। उनको रौं चीलका प्वाँखजस्तै र उनका नङहरू चराका नङ्ग्राहरूजस्तै नहोउञ्जेल उनको शरीर आकाशको शीतले भिज्यो। ३४ त्यो समयको अन्तमा म, नबूकदनेसरले आफ्नो आँखा उठाएर स्वर्गतिर हेरे, र मेरो होश फर्क्यो। तब मैले सर्वोच्चको प्रशंसा गरें, सदासर्वदै जिउनुहुने उहाँलाई मैले आदर र महिमा गरें। उहाँको प्रभुत्व अनन्तको प्रभुत्व हो, उहाँको राज्य पुस्तादेखि पुस्तासम्म रहिरहन्छ।

**३५ पृथ्वीका सबै मानिसहरू व्यर्थका गनिन्छन्। स्वर्गका शक्तिहरूलाई र पृथ्वीका मानिसहरूलाई उहाँले चाहेअनुसार गर्नुहुन्छ। कसैले पनि उहाँको हात रोक्न सक्दैन, वा "तपाईंले के गर्नुभयो" भनी कसैले पनि सोध्न सक्दैन। ३६ मेरो होश फर्केकै समयमा, मेरो राज्यका गौरवको लागि मेरो आदर र प्रताप मकहाँ फर्केर आयो। मेरा सल्लाहकारहरू र भारदारहरूले मलाई खोज्न थाले, र म आफ्नो सिंहासनमा फर्कें र पहिलेको भन्दा पनि महान् भएँ। ३७ अब म, नबूकदनेसरले स्वर्गका महाराजाको प्रशंसा, बढ़िबढ़ाउ र महिमा गर्दछु, किनभने उहाँले जे गर्नुहुन्छ ठीक गर्नुहुन्छ, र उहाँका सबै मार्गहरू न्यायसङ्गत छन्। अनि उहाँले घमण्डीहरूलाई नम्र बनाउन सक्नुहुन्छ।"**

**परमेश्वरलाई विश्वास नगर्ने शक्तिशाली राजा नबूकदनेजार थिए। आफूलाई राजालाई परिचित गराउन परमेश्वरले चाल्नुभएको कदमको कथा चकित पार्ने खालको छ। हामी परमेश्वरलाई खोज्ने होइन तर परमेश्वर नै हाम्रो खोज गर्दै आउनुहुन्छ भन्ने बाइबलमा दिएका विभिन्न उदाहरणमा यो राजाको कथा ज्वलन्त उदाहरण हो। इस्राएलका अरू राजाहरूमाथि परमेश्वरले प्रयोग गर्नुभएको न्याय** त्यस राजालाई पनि प्रयोग गर्नुभएको थियो (उदाहरणमा, २ इतिहास ३२:२५,२६; १ राजा १४:२१-३१)। राजा नेबुक्दनेजार आफ्नो होसमा फर्केपछि उनले सनातन सृष्टिकर्ता परमेश्वरको अस्तित्वलाई स्वीकारेका थिए। यो स्थितिमा उनलाई पुर्‍याउन परमेश्वरले नै कदम चाल्नुभएको थियो। चाहे धनी, सम्पन्न र शक्तिशाली किन नहोस् वा गरिब, विपन्न वर्ग, कमजोरी र आवश्यकता परेको मानिस किन नहोस् परमेश्वरले तिनीहरूप्रति चासो देखाउनुहुन्छ र तिनीहरूको वास्ता गर्नुहुन्छ भन्ने विवरण बाइबलले प्रस्तुत गर्दछ। तत्कालिन संसारको अत्यन्तै शक्तिशाली सम्राटले यो घोषणा गरेको पद ३७मा यसरी उल्लेख गरिएको छ, "अब म, नबूकदनेसरले स्वर्गका महाराजाको प्रशंसा, बढ़िबढ़ाउ र महिमा गर्दछु, किनभने उहाँले जे गर्नुहुन्छ ठीक गर्नुहुन्छ, र उहाँका सबै मार्गहरू न्यायसङ्गत छन्। अनि उहाँले घमण्डीहरूलाई नम्र बनाउन सक्नुहुन्छ।" बध शरीर भएका हामीहरूमा कुनै धनी, शक्तिशाली, हठी र अभिमानी मानिसहरूले त्यस सत्यलाई स्वीकार गर्न सक्यो भने कस्तो असल हुन्थ्यो होला?

नबुक्दनेजारको अनुभवबाट हामी के सिक्न सक्छौं? परमेश्वरलाई विश्वास नगर्ने शक्तिशाली मानिसहरू कहाँ पुगन परमेश्वरले दानिएल जस्ता

समर्पित मानिसहरूलाई प्रयोग गर्नुहुन्छ भन्ने पहिलो तथ्य यस कथाले सिकाउँदछ। परमेश्वर र मानिसहरूको बीचमा उहाँप्रति आशक्त हुने जनहरूलाई मितेरी पुल बनाउनुहुन्छ। दोस्रोमा, शक्तिशाली मानिसहरूको सामु आफ्नो बारे गवाही दिन परमेश्वरले उहाँका जनहरूलाई प्रयोग गर्न सक्नुहुन्छ। नेबुक्दनेजार अभिमानी, घमण्डी, हठी थिए तर परमेश्वरले उनलाई नम्र पार्नुभएको थियो। यो कथा नाटकीय भएतापनि परमेश्वरले धेरै धनी, शक्तिशाली, अभिमानी र हठी मानिसहरूलाई झुकाउनु भएको थियो।

***संसारको दाँजोमा हामी धनी र शकिशाली वा शक्ति सम्पन्न नहौंला, तैंपनि हामीमा पनि त्यस राजाको प्रकट गरेको जस्तो हठी र अभिमानी स्वभावबाट स्वतन्त्र हुन हामी के गर्नुपर्छ? त्यस खालको प्रवृत्ति हामीले नचाहाँदा नचाहाँदै पनि हाम्रो मिजासमा लुकाइ राख्न किन सजिलो छ?***

## २. नामान

**येशू ख्रीष्ट सबैको निम्ति बलि हुनुभएको थियो। उहाँको बलिले संसारका सबै वर्गका मानिसहरूलाई समेत्नु भएको छः उहाँको रगले** धनी, सम्पन्न, उच्च ओहोदा, धर्म, जात, नर, नारी, शक्तिशाली, गरिब, विपन्न र रँग-कालो, गोरा, खैरो भन्दैन। यस संसारका अत्यन्तै शक्तिशाली मानिसहरूकहाँ पुगिरहनुभएको छ र तिनीहरूले पाएको ज्ञाना अनुसार जीवन बिताउन परमेश्वरले अपेक्षा गर्नुभएको छ। (यस मामिलामा एलेन जी. ह्वाइटको द आक्टु अभ आपोस्टल्स, पृ ४१६ हेर्नुहोस्।

**२ राजा ५:१-१९ पढ्नुहोस्। परमेश्वरको निम्ति पुग्न उहाँले कस्तो खालका व्यक्तिहरूलाई प्रयोग गर्नुहुन्छ भनेर यस कथाले हामीलाई के सिकाउँछ?**

**"नामान अरामका राजाको सेनाका सेनापति थिए। उनी आफ्ना मालिकको दृष्टिमा एक ठूला मानिस थिए, र अति इज्जतदार थिए, किनभने उनले गर्दा नै अरामलाई परमप्रभुले विजयी तुल्याउनुभएको थियो। उनी एक वीर योद्धा थिए, तर कुष्ठरोगी पनि थिए। अब अरामबाट दलहरू गएर इस्राएलबाट एउटी जवान ठिटीलाई कैद गरेर ल्याएका थिए, र त्यसले नामानकी पत्नीको चाकरी गर्थी। त्यसले आफ्नी मालिक्नीलाई भनी, "यदि मेरा मालिकले सामरियामा बस्नुहुने अगमवक्तालाई भेट गरे भने, उहाँले तिनको रोग निको पारिदिनुहुनेथियो!"**

नामान आफ्ना मालिककहाँ गएर इस्राएलबाट ल्याएकी त्यस ठिटीले भनेको कुरा बताइदिए। अरामका राजाले जवाफ दिए, "हुन्छ, तिमी जाऊ। म इस्राएलका राजालाई एउटा पत्र पठाउनेछु।" यसैले नामान आफ्नो साथमा सत्तरी किलोग्राम सुन र तीन सय चालीस किलोग्राम चाँदी र दश जोर लुगा लिएर गए। उनले इस्राएलका राजाकहाँ लगेको पत्र यस्तो थियो: "यो पत्रसाथै म तपाईंकहाँ मेरो दास नामानलाई पठाइरहेछु। तपाईंले त्यसको कुष्ठरोग निको पारिदिनुहोला।

इस्राएलका राजाले त्यो चिट्ठी पढ्ने बित्तिकै आफ्ना लुगा च्यातेर भने, "के म परमेश्वर हुँ र? मार्न र जिउँदो पार्न सक्छु र? यस मानिसले किन त्यसको कुष्ठरोगबाट निको पार्न कसैलाई मकहाँ पठाउँछ? हेर त, त्यसले मसित झगड़ाको निहुँ खोज्दैछ!"

इस्राएलका राजाले आफ्ना लुगा च्यातेको कुरा जब परमेश्वरका जन एलीशाले सुने, तब तिनले राजालाई यो समाचार पठाए, "तपाईंले किन आफ्ना लुगा च्यात्नुभयो? मानिस यहाँ मकहाँ आओस्, र त्यसले इस्राएलमा एक जना अगमवक्ता रहेछन् भनी जान्नेछ।" यसैले नामान आफ्ना घोड़ाहरू र रथहरूका साथमा गए, र एलीशाका घरको ढोकामा अड़िए। एलीशाले उनलाई यसो भन्न एउटा समाचारवाहक पठाए, "तिमी आफै गएर यर्दन नदीमा सात पल्ट डुबुल्की मार, र तिम्रो मासु ज्यूँका त्यूँ हुनेछ, र तिमी शुद्ध हुनेछौ।"

तर नामान रिसाएर यसो भन्दै गइहाले, "मैले सोचेको थिएँ, तिनी बाहिर निस्किआएर परमप्रभु आफ्ना परमेश्वरको नाउँ पुकारेर मेरो रोग भएको ठाउँमाथि हात हल्लाएर मेरो कुष्ठरोग निको पारिदिनेछन् होला। के दमस्कसका अबाना र फारपर नदीहरू इस्राएलको कुनै पानीभन्दा असल छैनन् र? के म तिनमा नै धोएर शुद्ध हुन सक्दिनँ र?" यसैले उनी फर्केर रीसको झोंकमा गइहाले।

तर नामानका नोकरहरूले उनीकहाँ आएर उनलाई भने, "हे पिताज्यू, यदि अगमवक्ताले तपाईंलाई केही ठूलो कुरा गर्नुहोस् भनी भन्नुभएको भए के तपाईं गर्नुहुनेथिएन र? उहाँले तपाईंलाई धोएर शुद्ध हुनुहोस् भन्नुभएकोमा तपाईंले झन् किन नगर्ने?" यसैले उनी तल ओर्ले र परमेश्वरका जनले भनेबमोजिम यर्दन नदीमा सात पल्ट स्वयम् डुबुल्की मारे, र उनको मासु ज्यूँका त्यूँ भयो, जवान केटाको जस्तै भयो।

तब नामान र उनका नोकरहरू परमेश्‍वरका जनकहाँ फर्केर आए। उनी तिनको सामु खड़ा भएर भने, "अब मलाई थाहा भयो, कि इस्राएलमा बाहेक सारा संसारमा कुनै परमेश्‍वर हुनुहुन्‍न। कृपा गरी अब आफ्नो दासबाट केही उपहार लिनुहोस्।"

ती अगमवक्ताले जवाफ दिए, "जीवित परमप्रभु, जसको सेवा म गर्दछु, उहाँको नाउँमा शपथ खाएर म भन्दछु, म केही पनि ग्रहण गर्नेछैनँ।" त्यो लिनलाई नामानले तिनलाई कर लगाए, तापनि तिनले इन्कार गरे।

नामानले भने, "यदि तपाईं लिनुहुन्‍न भने, आफ्नो दासलाई दुई खच्चरको भारी माटो लान दिनुहोस्। किनकि अब फेरि कहिल्यै हजूरको दासले परमप्रभुलाई बाहेक अरू कुनै देवतालाई होमबलि र बलिदानहरू चढ़ाउनेछैनँ। तर यो एउटा कुरामा मात्र परमप्रभुले तपाईंको दासलाई क्षमा गरून्ः जब मेरा मालिक रिम्मोनको मन्दिरमा पूजा गर्नलाई मेरो हातमा भर परेर पस्नुहुन्छ र उहाँले त्यहाँ पूजा गर्दा म पनि निहुरन्छु, तब यसको निम्ति परमप्रभुले हजूरको दासलाई क्षमा गरून्।"

कुष्ट रोगबाट परमेश्वरले निको पार्नुभएपछि सिरियाको सेनापति नामानले दुई अनौठो अनुरोध एलिशासँग गरेका थिए। पहिलो दुई खच्चरहरूले बोक्न सक्नेजतिको इस्राएलको माटो उनले मागेका थिए। आफ्नो देश सिरियामा जीवित परमेश्वरको उपासना गर्ने लक्ष्यले त्यो माटो मागेका थिए। उनले यसरी व्यक्त गर्छन्ः "“यदि तपाईं लिनुहुन्‍न भने, आफ्नो दासलाई दुई खच्चरको भारी माटो लान दिनुहोस्। किनकि अब फेरि कहिल्यै हजूरको दासले परमप्रभुलाई बाहेक अरू कुनै देवतालाई होमबलि र बलिदानहरू चढ़ाउने छैन।" २ राजा ५:१७। दोस्रोमा, आफ्नो राजाका देवताहरूलाई उनले पूजा नगरेतापनि राजासँग आफू पनि शिर निहुराउने अनुमति उनले एलिशासँग मागे।

नामान अब सत्य सनातन परमेश्वरलाई विश्‍वास गर्ने व्यक्ति हुन पुगेका थिए। तरै पनि उनमा मूर्ति पूजा गर्ने विश्‍वासहरू थियो। इस्राएलबाट माटो लान अनुमतिले यो देखाएको थियो कि उनले सृष्टिकर्ता परमेश्वरको बारेमा राम्रोसँग बुझेका थिएनन्। उनको दृष्टिकोणमा परमेश्वर क्षेत्रिय परमेश्वर हुनुहुन्छ भनेर अनुमान गरेकैले उनले इस्राएलको माटो लान अनुमति मागेका थिए। उनका देवताहरू क्षेत्रिय थिए भनेर उनले बुझेका थिए। हुनसक्छ

इस्राएलबाट माटो लगेर उनले परमेश्वरको निम्ति बेदी बनाउने उनको लक्ष्य। जे भएतापनि नामानको विश्वासमा नयाँ र पुरानो विश्वास मिसिएको थियो। आज पनि येशूलाई विश्वास नगर्नेहरु उहाँमा कसरी आउँछन् भन्ने कुरो नामानको कथाले बताउँछ। नामानको कथाले यो कुरो हामीलाई बताउँदछ कि मानिसमा भएको संस्कार, परम्परा र दृष्टिकोणहरू परिवर्तन गर्न समय लाग्नेरहेछ।

दोस्रो अनुरोधचाहीँ मनै खलबलाउने खालको छ। देवताहरूको पूजा गर्ने बेलामा राजासँग आफ्नो शिर पनि निहुराउन किन अनुमति मागे अनि परमेश्वरसँग क्षमा पनि किन मागे? त्यसको प्रत्युत्तरमा अगमवक्ताले भने, "शान्तिसँग जाऊ।" २ राजा ५:१९। नामान. सिरिया देशको शक्तिशाली व्यक्ति थिए। उनको नयाँ विश्वासलाई चुनौति दिने खालका काम र कर्तव्यहरू उनले पालन गर्नुपरेका थिए। येशूमा आस्था राखेर उहाँमा समर्पित जीवन बिताउनुभन्दा पहिले नयाँ विश्वासीहरूले आफ्नो विगतको जीवनको सामाजिक, संस्कार आदिहरूसँग कसरी कारोबार गर्ने भन्ने ज्ञान पाउन तिनीहरूलाई अगुवाइ गर्नुपर्छ साथै तिनीहरूको सामाजिक वाध्यताहरूप्रति येशूका अगुवाहरू संवेदनशील हुनुपर्छ।

नामान, परमेश्वरलाई विश्वास नगर्ने देशबाट कुष्ट रोगी भएर निस्केका थिए र अब निको भएर परमेश्वरको भक्त भएर फर्केका थिए। उनको नयाँ आत्मिक यात्रा सुरुमात्र भएको थियो। त्यसमा बढ्न उनलाई समय चाहिएको थियो।

**येशूलाई विश्वास नगर्ने संस्कार, पृष्ठभूमि र समाजबाट आएका विश्वासीहरूलाई येशूप्रतिको आस्थामा किन छिटो घचेट्नुहुन्न भनेर यस कथाले हामीलाई कसरी सिकाउँछ?**

## ३. शिक्षित, प्रतिष्ठित र धार्मिक अगुवाको सामु गवाहीः निकोडिमस

निकोदिमस शिक्षित विद्वान थिए। उनी यहूदीहरूको शासक भनेर बाइबलले बताउँछ (यूहन्ना ३:१)। येशू आफैले उनलाई इस्राएलीहरूका गुरु भनेर सम्बोधन गर्नुभएको थियो (यूहन्ना ३:१०)। बाइबलको बारेमा उनीसँग राम्रै ज्ञान थियो। प्रभुमा आउन उनको आत्मिक तृष्णा थियो। मानव दृष्टिकोणले उनी परमेश्वरका परमभक्त भनेर हेर्न सकिन्थ्यो। उनले सबै आज्ञाहरू पालन गरेका थिए, र उनी यहूदीहरूको बीचमा आदरणीय व्यक्तिको

रूपमा चिनिएको थियो। उनी अधिकारवाला वा शक्तिशाली र धनी थिए। उनी आदरणीय भएर सम्पन्न भएको व्यक्ति भएकोले धेरैले उनलाई परमेश्वरले आशिष दिनुभएको व्यक्ति भनेर ठानेका थिए। तर येशूको अगाडि उनी केवल बाहिरमात्र धर्मात्मा थिए र भित्री खोक्रो थिए। आफू सम्मानजनक फरिसी पण्डित वा स्वामी भनेर देखाउन धार्मिक पोशाक लगाएका थिए तर येशूको अगाडि उनी नाङ्गिन पुगे।

**निकोदिमसका आत्मिक आवश्यकताहरू के थिए र येशूले उनलाई ठिकसँग कसरी सम्बोधन गर्नुभएको थियो भनेर यूहन्ना ३:१-१२मा यसरी बताउँछ, "१ फरिसीहरूमध्ये निकोदेमस नाउँ भएका एक जना मानिस थिए। तिनी यहूदीहरूका महासभाका एक सदस्य थिए। २ यिनी राती येशूकहाँ आए, र उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन।" ३ येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" ४ निकोदेमसले उहाँलाई भने, "मानिस बूढ़ो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?" ५ येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। ६ शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। ७ मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। ८ बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।"**

९ निकोदेमसले उहाँलाई सोधे, 'यो कसरी हुन सक्दछ?" १० येशूले तिनलाई जवाफ दिनुभयो, "तिमी इस्राएलका गुरु हौ, र पनि यी कुरा बुझ्दैनौ? ११ साँच्चै, म तिमीलाई भन्दछु, हामी जे जान्दछौं त्यो भन्दछौं, र हामीले जे देखेका छौं त्यसको गवाही दिन्छौं, तर तिमीहरू हाम्रो गवाही स्वीकार गर्दैनौ। १२ मैले तिमीहरूलाई पृथ्वीका कुरा भनें, र पनि तिमीहरू विश्वास गर्दैनौ, त तिमीहरूलाई स्वर्गका कुरा बताएँ भने कसरी विश्वास गर्न सक्छौ?' यूहन्ना ३:१-१२।

आफ्नो प्रतिष्ठालाई कायमै राख्न खोजेर निकोदेमस येशूकहाँ आएका थिए। तर परमेश्वरलाई उनको हृदय थाहा थियो। त्यसरी नै मानिसहरूको पृष्ठभूमि जे भएतापनि परमेश्वरलाई सबै धनी, अधिकारवाला र शक्तिशाली मानिसहरूको आवश्यकता थाहा छ। येशूका शिक्षाहरूबाट प्रभावित भएर निकोदेमस येशूकहाँ आएका थिए। तर उनको अभिमान, मान मर्यादा र प्रतिष्ठाले गर्दा येशूलाई प्रभु भनेर स्वीकार गर्नुबाट रोकेको थियो। तर त्यस रात येशूसँगको जम्का भेटले उनी सदाको निम्ति परिवर्तन भएका थिए। यद्यपि, त्यस रातको जम्का भेटमा येशू परमेश्वरबाट आउनुभएको हो भनेर विश्वास गरेतापनि उनले खुलेआममा उहाँ येशू ख्रीष्टको अनुयायी हुन् भनेर देखाएका थिएनन्।

निकोदेमस र येशूको बारेमा देहायका पदहरूले के बताउँछ? हेर्नुहोस्, **"चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'।" तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए। किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन। यी कुरा सुन्ने कोही-कोही मानिसले भने, "यिनी त साँच्चै अगमवक्ता रहेछन्।" अरूहरूले भने, "यिनी ख्रीष्ट हुन्।" तर कसै-कसैले भने, "के ख्रीष्ट गालीलबाट आउँछन् र? के धर्मशास्त्रले भनेको छैन, कि ख्रीष्ट दाऊदको वंशबाट र दाऊदकै गाउँ बेथलेहेमबाट आउँछन्?" यसैले मानिसहरूका बीचमा उहाँको कारण फाटो भयो। तिनीहरूमध्ये कतिले उहाँलाई पक्रन खोजे, तर उहाँमाथि कसैले पनि हात हालेन।**

**तब मन्दिरका पहरेदारहरू मुख्य पूजाहारीहरू र फरिसीहरूकहाँ आए। तिनीहरूले यिनीहरूलाई भने "तिमीहरूले त्यसलाई किन ल्याएनौ?" पहरेदारहरूले जवाफ दिए, "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन!" फरिसीहरूले यिनीहरूलाई भने, "तिमीहरू पनि बहकियौ, कि कसो? के धर्म-गुरु अथवा फरिसीहरूमध्ये कसैले उसमाथि विश्वास गरेको छ? तर यो भीड, जसले व्यवस्था जान्दैन, त्यो श्रापित छ।" तिनीहरूमध्ये एक जना निकोदेमस, जो पहिले एक पल्ट**

येशूकहाँ आएका थिए, तिनले भने, "के हाम्रो व्यवस्थाले पहिले मानिसको सुनुवाइ नभई, र त्यसले के गरेको छ सो नजानिकन त्यसलाई दोषी ठहराउँछ र?" तिनीहरूले उनलाई जवाफ दिए, "के तिमी पनि गालीलका हौ? धर्मशास्त्र खोजेर हेर, र तिमीले देख्नेछौ, कि गालीलबाट अगमवक्ता निस्कँदैन।" र तब हरेक मानिस आफ्ना-आफ्ना घर गए।" यूहन्ना ३७-५३।

"त्यसपछि अरिमाथियाको योसेफ, जो यहूदीहरूको डरले गर्दा गुप्तमा मात्र येशूका चेला थिए, तिनले पिलातसलाई येशूको मृत शरीर लैजान पाऊँ भनी बिन्ती गरे। पिलातसले अनुमति दिए। तब तिनले आएर उहाँको मृत शरीर लगे। अनि अघि उहाँकहाँ राती आउने निकोदेमस पनि प्रायः तेत्तीस किलो मूर्र र एलवा मिश्रित द्रव्य लिएर त्यहाँ आए।" यूहन्ना १९:३९।

येशूप्रति निकोदेमस प्रभावित भएका थिए भनेर माथिका पदहरूले हामीलाई बताउँछ। येशू जिउँञ्जेल निकोदेमसले उहाँलाई बचाउन खोजेका थिए, र उहाँको मृत्युपछि उनले उहाँलाई सम्मान गरेका थिए। आफू बढि जान्ने र बाइबलको ज्ञान भएको र आफू बुद्धिमानी भएको भनेर उनि फुलेतापनि उनको हृदयमा येशू पुग्नुभएको थियो र उनलाई मुक्तिदाताको आवश्यक भएको महसुस गराउनुभएको थियो। त्यो महसुस हामी सबैले गर्नुपर्दछ।

***हामीसँग सत्यको ज्ञान भएकोलेमात्र हामीले मुक्ति पाउँछ भन्ने धरापमा हामी पर्नुहुन्न। तीन स्वर्गदूतहरूको सन्देश हामीले जानेपनि हामीमा कति होला जो परमेश्वरको राज्यमा पस्न नसक्ने हुन्छ अर्थात् मुक्ति नपाउन सक्छ?***

## ४. धनीलाई सुसमाचार सुनाउने हाम्रो लक्ष्य

एक दिन एक जना धनी मानिस येशूकहाँ आएका थिए। निकोदेमसको बिपरित उनी येशूलाई कसरी ग्रहण गरेन भन्ने पाठ त्यसबाट हामी कसरी सिक्न सक्छौं? हेर्नुहोस्, "उहाँकहाँ आएर एक जनाले भने, "हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?"

उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।"

तिनले उहाँलाई भने, "कुन-कुनचाहिँ?" येशूले भन्नुभयो, "तैंले हत्या नगर्नू, तैंले व्यभिचार नगर्नू, तैंले चोरी नगर्नू, तैंले झूटो गवाही नदिनू। आफ्ना आमा-

**बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।" ती जवान मानिसले उहाँलाई भने, "यी सब त मैले पालन गरेकै छु। अब ममा के कमी छ?" येशूले तिनलाई भन्नुभयो, "तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग।" जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखीत भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो।" मत्ती १९:१६-२२।**

धनी युवा अगुवा, शासक वा नेतासँग येशूको अन्तर्क्रियामा धनसम्पत्तिले मानिसलाई कसरी धरापमा कसरी सजिलोसँग पार्छ भन्ने ज्वलन्त उदाहरण प्रस्तुत गरिएको छ। येशूले व्यक्त गर्नुभएको यो भावनालाई पढ्नुहोस्, "अनि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, स्वर्गको राज्यमा धनी मानिसलाई प्रवेश गर्नु गाह्रो पर्नेछ। फेरि म तिमीहरूलाई भन्दछु, धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा बरु ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुनेछ।" मत्ती १९:२४। त्यसको अर्थ धनी मानिसले उद्धार पाउँदैन भनेको होइन, तर धन सम्पत्ति नै सबै थोक भगवान हो भनेर अङ्गालेर बस्नुबाट होशियार हुनुपर्दछ, नत्र भने धनसम्पत्ति यस संसारमा सार्थक जीवन बिताउन र मुक्ति पाउन वाधक हुन सक्छ।

अन्तमा आएर यस संसारमा धनी होस् वा गरिब होस्, सबै एकै ठाउँमा जानैपर्छः त्यो हो चिहान। त्यसको अर्थ सबै मानिसलाई जस्तै धनीलाई पनि मुक्तिको निम्ति अत्यन्तै खाँचो छ। पैसाले सबै थोक किन्न सकिन्छ तर मुक्ति किन्न सक्दैन वा मृत्युबाट कोही बञ्चित हुन सक्दैन। मृत्युबाट बञ्चित नहुने र अमर जीवन पाउने केवल एकमात्र उपाय छ त्यो हो सित्तैंमा दिइएको येशूको उपहार जुन विश्वासद्वारा हामी दावी गर्न सक्छौं, "पुनरुत्थान र जीवन मै हुँ। जसले मलाई विश्वास गर्छ यस पृथ्वीमा ऊ मरेपनि ऊ जीवित हुनेछ।"यूहन्ना ११:२५।

**लूका १९:१०मा एक जना प्रतिष्ठित र धनी मानिसको कथा छ। अगाडि उल्लेख गरिएको धनी शासक भन्दा त्यस मानिसमा के भिन्नता थियो? हेर्नुहोस्, "येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदैहुनुहुन्थ्यो। त्यहाँ जखायस नाउँ भएका एक जना मानिस थिए। तिनी कर उठाउनेहरूमा प्रमुख मानिस थिए, अनि धनी थिए। येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहन्थे, तर पुड्को भएका हुनाले भीड़ले गर्दा तिनले देख्न सकेनन्। तिनी उहाँलाई हेर्नलाई अगिअगि दौड़ेर एउटा अञ्जीरको रूखमा चढ़े। किनकि येशू त्यही बाटो भएर जान लाग्नुभएको**

**थियो। जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, "ए जखायस, चाँड़ो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ।" तिनी झट्टै ओर्लेर आए। अनि खुशीसाथ उहाँको सत्कार गरे। जब मानिसहरूले यो देखे, तिनीहरू सबै यसो भनेर गनगनाउन लागे, "उनी पापीको घरमा पाहुना लाग्न गए।" जखायसले खड़ा भएर प्रभुलाई भने, "प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु।" तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।"**

जखायसले येशूलाई जसरी स्वीकारेका थिए त्यसरी जवान धनी शासकले गरेका थिएन। यो कुरा ख्याल गर्नुहोस्, जवान शासकलाई जस्तो येशूले जखायसलाई सबै थोक छोड्नु न त जागिरै छोड्नु भन्नुभएको थियो। आफ्नो धनसम्पत्ति सबै गरिबलाई बाँड पनि भन्नुभएन। धनी युवा शासक वा नेता आफ्नो सम्पत्तिमा कसरी बाँधिएको थियो भनेर उहाँलाई थाहा थियो। त्यसैकारण, येशूले उनलाई ती सम्पत्ति गरिबलाई बाँड भन्नुभएको थियो। तर त्यसको बिपरित जब येशू जखायसको घरमा हुनुहुन्थ्यो उहाँहरूको बीचमा के कुराकानी भयो हामीलाई थाहा नभएपनि येशू को हुनुहुन्थ्यो भनेर उनलाई थाहा थियो र आफ्नो जीवन परिवर्तन गर्नुपर्ने आवश्यकता उनले देखेका थिए। उनी धनसँगै बाँधिएकोले त्यसबाट फुट्किन पर्छे भन्ने उनलाई महसुस भएको थियो।

***"सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?' मत्ती १६:२६। येशूको यो अभिव्यक्तिले हामी सबैलाई के बताइरहेको छ?***

## ५. शक्तिशाली, अगुवा, शासक वर्गहरूप्रति हाम्रो लक्ष्य

धनी वर्गहरूसमेत गरेर सबैसँग साथी बनाउने कला येशूलाई थाहा थियो। सबै वर्गका मानिसहरूको बीचमा उहाँ लोकप्रिय स सम्माननीय भएतापनि धेरैको सामु उहाँ आँखाको छारो पनि हुनुभएको थियो। जब शक्तिशाली वर्गहरू उहाँकहाँ आए तब उनले तिनीहरूलाई माया गर्नुहुन्थ्यो भनेर महसुस गरेका थिए। तर धेरै धनी र लोकमान्य नेता वा अगुवाहरू उहाँकहाँ खुलारूपमा तुरन्तै आएका थिएन। येशू परमेश्वरको पुत्र साँच्चिकै

हुनुहुन्छ भनेर देखाउनुभएको तिनीहरूले चाहेका थिए। निकोदेमस र अर्मिथियाको मामिलामा त्यही थियो।

येशूप्रति आसक्त हुने धनी मानिसलाई उहाँले कसरी प्रयोग गर्नुभयो भनेर देहायको कथाले हामीलाई कसरी बताउँछ? हेर्नुहोस्, "साँझ परेपछि अरिमाथियाका योसेफ नाउँ भएका एक जना धनी मानिस आए। तिनी स्वयम् येशूका चेला थिए। तिनले पिलातसकहाँ गएर येशूको मृत शरीर मागे, र पिलातसले सो तिनलाई दिने हुकुम गरे। योसेफले मृत शरीर लिएर सफा मलमलको कपड़ाले बेह्रे, र तिनले चट्टानमा खोपेर बनाएका आफ्नै नयाँ चिहानमा त्यो राखे, र चिहानको मुखमा एउटा ठूलो ढुङ्गा गुड़ाइदिए, र तिनी गए ।" मत्ति २७:५७:६०। साथै " तयारीको दिन, अर्थात् शबाथ-दिनको अघिल्लो दिन, साँझ पर्दैथियो। महासभाका प्रतिष्ठित सदस्य अरिमाथियाका योसेफ, जसले परमेश्वरका राज्यको बाटो हेर्दैथिए, तिनले साहसपूर्वक पिलातसकहाँ गएर येशूको लाश मागे। येशू अघि नै मरिसक्नुभएको सुन्दा पिलातस छक्क परे। अनि कप्तानलाई आफूकहाँ बोलाएर उहाँको मृत्यु भएको हो कि होइन भनी सोधपूछ गरे। उहाँको मृत्यु भइसकेको कुरा कप्तानबाट थाहा पाएपछि पिलातसले येशूको मृत शरीर योसेफलाई लैजाने अनुमति दिए। अनि योसेफले मलमलका कपड़ा किने, र लाश तल झारेर कपड़ाले बेह्रे, अनि चट्टानमा खोपेर बनाइएको एउटा चिहानमा राखे। त्यसपछि चिहानको मुखमा तिनले एउटा ढुङ्गा राखे।" मर्कूस १५:४२-४६; "योसेफ नाउँ भएका एक जना असल र धार्मिक मानिस थिए। उनी महासभाका सदस्य पनि थिए। उनले तिनीहरूका सल्लाह र कार्यमा सम्मति दिएका थिएनन्। उनी यहूदीहरूका अरिमाथिया सहरका मानिस थिए। उनी परमेश्वरका राज्यको बाटो हेर्दैथिए। उनले पिलातसकहाँ गएर येशूको लाश मागे, उहाँको लाश तल झारेर मलमलको कपड़ामा लपेटे, र चट्टानमा कपेर बनाएको एउटा चिहानमा राखे, जहाँ कहिल्यै कोही राखिएको थिए।" लूका २३:५०-५३ र "त्यसपछि अरिमाथियाको योसेफ, जो यहूदीहरूको डरले गर्दा गुप्तमा मात्र येशूका चेला थिए, तिनले पिलातसलाई येशूको मृत शरीर लैजान पाऊँ भनी बिन्ती गरे। पिलातसले अनुमति दिए। तब तिनले आएर उहाँको मृत शरीर लगे। अनि अघि उहाँकहाँ राती आउने निकोदेमस पनि प्रायः तेत्तीस किलो मूर्र र एलवा मिश्रित द्रव्य लिएर त्यहाँ आए। यसरी तिनीहरूले येशूको शरीर यहूदीहरूको दफन-कार्यको रीतिअनुसार सुगन्धित द्रव्यसँग सूती कपड़ामा बाँधे। उहाँ क्रूसमा टाँगिनुभएको ठाउँमा एउटा बगैंचा थियो। त्यस बगैंचामा

**कहिल्यै कोही नराखिएको एउटा नयाँ चिहान थियो। किनकि यहूदीहरूका तयारीको दिन थियो, अनि त्यो चिहान पनि नजिकै थियो, र तिनीहरूले येशूलाई त्यही चिहानमा राखे।" यूहन्ना १९:३८-४२।**

यस बेलासम्म आरमथियाको योसेफको बारेमा हामीले कहींपनि सुनेका थिएनौं। तर अचानक त्यस धनी मानिस कताकताबाट देखापर्छन् र उनले भविष्यवाणी पूरा भएको देखाउँदछन्। परमेश्वरको लक्ष्य पूरा गर्न उहाँले धनी मानिसहरूलाई निरन्तररूपमा पूरा गरिरहनुहुन्छ। त्यसकारण गरिब र विपन्न वर्गको बीचमामात्र होइन धनी,सम्पन्न वर्गहरूको बीचमा पनि हामी पुग्नु जरुरी छ।

प्रभावकारी, शक्तिशाली, सम्पन्न मानिसहरूलाई साथी बनाउन अत्यन्तै मुश्किल भएकोले तिनीहरूलाई साथी बनाउन कहाँबाट सुरु गर्ने भन्ने मामिला जान्न गाऱ्हो नै छ। तर प्रायजसो तिनीहरूको पछिपछी लाग्नु अस्वभाविक हुन्छ। बरू तिनीहरू तपाईंहरूकहाँ आउन्। येशूले त्यही नीति अपनाउनुभएको थियो। उहाँका सन्देश, चङ्गाइ कार्यक्रमले उहाँ परमेश्वरबाट आउनुभएको थियो भनेर ती वर्गहरूले महसुस गरेका थिए। पृष्ठभूमिको पछाडि रहेर उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरामा तिनीहरूले विश्वास गरेका थिए।

धनी र शक्तिसम्पन्न मानिसहरू पनि सुसमाचार सुनाउने सक्कली साथीको भोको हुन्छ। अरू मानिसहरूको जीवन परिवर्तन भएको देखेर तिनीहरू पनि त्यस असल काममा सहभागी हुन चाहन्छन्। तिनीहरूको पनि जीवन परिवर्तन गर्न सकिन्छ भनेर तिनीहरूले महसुस गर्न सक्दछन्। ती मानिसहरू खुलेआम नआइकन तिनीहरूको आवश्यकताप्रति संवेदनशील हुने व्यक्तिलाई तिनीहरूले खोजिरहेको हुन्छ।

परमेश्वरको सेवाकार्यमा सहभागी हुँदा हामी पनि धनी, सम्पन्न र शक्तिशाली मानिसहरूकोलाई सेवा गर्न पुग्न सक्छौं। ती मानिसहरूको जीवनले हाम्रो समाजमा कसरी प्रभाव पारिरहेको छ सो बुझ्न हामीले समय दिन सक्नुपर्दछ।

**चुनौतीः** *तपाईंको प्रार्थनाको सूचिमा परमेश्वरलाई विश्वास नगर्ने शक्तिशाली अख्तियार वालाको नाउँ थप्नुहोस्। कोही व्यक्ति जो समय समयमा तपाईंको सम्पर्कमा आउन सक्छ।*

**चुनौतीलाई निरन्तरता दिनः** *तपाईंले कहिल्यै पनि नभेटेतापनि उनको निम्ति तपाईं प्रार्थना गरिरहनुभएको छ भने उनलाई पत्र वा इमेलबाट सम्पर्क राख्न खोज्नुहोस्।*

**उपसंहारः**

थप जानकारी: एलेन जी० ह्वाइटद्वारा लिखित मिनिस्त्री अभ हिलिङ्ग, पृ २०९-२१६ को "मिनिस्त्री टु द रिच," र *रिफ्लेक्टिङ्ग क्राइस्ट,* पृ० ३३७को "क्याप्टिभ मेड शो कन्सर्न फर नामान।"

गरिब, विपिन्न र समाजबाट पिछडिएका मानिसहरू र धनी, सम्पन्न र शक्तिशाली मानिसहरूलाई देखाउनुभएको येशूको प्रेम एउटै थियो । उहाँ राजकुमारहरूको निम्ति र गरिब र निम्नस्तरहरूको निम्ति मर्नुभएको थियो। अत्यन्तै प्रभावकारी ढँगमा ती मानिसहरूको हृदयमा पस्नु उहाँलाई थाहा थियो। उहाँले हामीलाई यो चेतावनी दिनुभएको थियो, "सियोको आँखाबाट उँट (वा हात्ती) पस्न सजिलो हुन्छ तर धनी मानिस परमेश्वरको राज्यमा पस्न सजिलो छैन।" मर्कूस १०:२५। शक्तिशाली, अधिकारवाला र धनी मानिसहरूकहाँ येशूको सुसमाचार लिएर जान हामीलाई चुनौती दिएको छ। अरूहरूलाई जतिकै मुक्ति तिनीहरूलाई पनि आवश्यकता छ। तर दुर्भाग्यवस धन सम्पत्तिले सुरक्षा ल्याउँछ भन्ने विश्वासले गर्दा तिनीहरूलाई अमर जीवन वा मुक्तिको बारेमा चासो देखाएको हुँदैन।

"वेवास्ता गरिएका गरिबहरूप्रति हाम्रो कर्तव्यको बारेमा धेरै भनिएको छ; तर वेवास्ता गरिएका धनी वर्गप्रति पनि हाम्रो ध्यान जानु जरुरी छैन र? कतिपय मानिसहरूले त्यस वर्गकहाँ पुग्नु नैराश्य जनक भएको ठान्दछन्... चेतावनी नपाएर हजारौँ धनी मानिसहरू चिहानमा गएका छन्। तर तिनीहरूले परमेश्वरमाथिको विश्वास नदेखाएतापनि तिनीहरूको आत्मिक जीवन भारिभएर देहान्त भएका हुन्छन्।"-एलेन जी० ह्वाइट. *द मिनिस्त्री अभ हिलिङ्ग.* प० २१०।

**चिन्तनमननः**

अ. धनी र गरिबको सेवा गर्न येशूले जातभात, धर्म, वर्ग, लिङ्ग, देशीविदेशीहरूको बीचमा भएको पर्खाललाई भत्काउनुभएको थियो। हाम्रो समाजमा धनी र गरिबको बीचमा भएको अन्तरलाई हामी एडभेन्टिस्टले कसरी सम्बोधन गर्ने?

आ. येशूले यो भन्नुभएको थियोः "काँढ़ाहरूमा छरिएको चाहिँ त्यो हो, जसले वचन सुन्छ, तर यस संसारको फिक्री र धन-सम्पत्तिको छलले वचनलाई बाधा दिन्छ, र त्यो फल नदिने हुन्छ।" मत्ती १३:२२)। येशूले भन्नुभएको "धनसम्पत्तिको छल"को तात्पर्य के हो? धनबाट धोका पाउन हामी धनी हुन नै किन आवश्यक छैन?

इ. सत्यलाई थाहा पायो भन्दैमा मुक्ति पाइन्दैन भन्ने तर्कलाई तपाईंले के भन्नुहुन्छ? सत्य थाहा पाउनु र त्यसको अनुसरण गर्नुको बीचमा निर्णायक भिन्नता हामीले किन पाउनुपर्दछ? सत्यलाई थाहा पाएरमात्रै मुक्तिपाइन्दैन भने मुक्ति कसरी पाइन्छ त?

ई. जाखियासले येशूलाई ग्रहण गरे तर धनी युवा शासकले उहाँलाई ग्रहण नगरेको अरू के के कारणहरू हुन सक्छ?

## कथा ९

## प्रभावकारी चर्च

### पिठर एन. के डोडु र सामुएल मारफन

### घाना



करिब १५ वर्ष अघिको कुरो हो। घानाको राजधानी आक्रामा रहेको सैनिक व्यारेकको अगाडि रहेको जग्गा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चलाई सैनिक अधिकारीले प्रदान गरेको थियो। त्यो जग्गा चर्चले सित्तैंमा पाएको थियो। त्यो जग्गामा चर्च नै निर्माण गर्ने सर्तमा प्रदान गरिएको थियो। त्यहाँ सैनिकहरूले परमेश्वरको आराधना गर्ने चर्च होस् भन्ने सैनिक पदाधिकारीहरूको अनुरोध थियो। त्यसैलाई मध्यनजरमा राखेर चर्च निर्माण गर्ने योजना चर्चका अगुवाहरूले बनाए। घानाभरिका सेभेन्थ-डे एडभेन्टिस्टहरूले त्यहाँको चर्च निर्माण गर्न आर्थिक सहयोग गरे। सन २००७मा तेऱ्हौं साबथस्कुलको भेटी विश्व चर्चले उपलब्ध गरायो। चर्चको सुन्दरमय भवन तयारी भयो। त्यहाँका ऐनाका झ्यालहरू रङ्गीचङ्गी थिए। त्यस चर्चको छाना गोलकारको थियो। ती झ्यालहरूमा प्रार्थना गरिरहेका हातहरूका चित्रहरू थिए। पुलपिटको पछाडि एडभेन्टिस्ट चर्चको लोगो थियो।

सैनिक व्यारेकको अगाडि रहेको सेभेन्थ-डे एडभेन्टिस्ट नभेम्बर १, २००८ मा परमेश्वरलाई समर्पण गरिएको थियो। चर्चमा प्रवेश गर्ने मुख्य बाहिरी प्रवेशद्वारमा ताम्रपत्र झुन्ड्याइएको छ। त्यसमा चर्चको उद्घाटन समारोहमा भाग लिने प्रतिनिधिहरूका नाउँहरू छन्। त्यस सूचीमा जनरल कन्फरेन्स एडभेन्टिस्ट च्यापलेन्सी मिनिस्त्रीका निर्देशकको नाउँ पनि लेखिएको छ। त्यस विभागले विश्वमा एडभेन्टिस्ट सैनिकहरूको पास्टरिय सेवाको रेखदेख गर्दछ।

अनि त्यही सहरमा भएको घानाको राष्ट्रिय पुलिस बलले नयाँ एडभेन्टिस्ट चर्च सैनिक अखडा अगाडि निर्माण भएको थाहा पायो। तिनीहरूले पनि आफ्नो राष्ट्रिय पुलिस तालिम केन्द्रको परिसरमा एडभेन्टिस्ट चर्च निर्माण गर्न चासो देखाए। पुलिसका पदाधिकारीहरू चर्चका अगुवाहरूकहाँ गए र यो प्रस्ताव राखे, "यदि तपाईंहरूलाई पुलिस एकेडेमीको परिसरमा जग्गा उपलब्ध गरायौं भने के तपाईंहरूले त्यहाँ चर्च निर्माण गर्न सक्नुहुन्छ?" चर्चका

पदाधिकारीहरूले नाइँ भन्न सकेन। अनि त्यहाँ चर्च निर्माण गर्न भेटीहरू सङ्कलन गर्न थाले। "सैनिक अखडाको अगाडि चर्च खडा भएकोले पुलिसहरूले तिनीहरूको एकेडेमीको कम्पाउण्डमा चर्च खडा गर्न हामीलाई जिम्मा लगाइयो, "स्थानीय चर्चको अगुवा क्रिस्टोफर आनान न्युनले बताए। उनी घाना साउडरन युनियन कन्फरेन्सको कार्यकारी सचिब हुनुहुन्छ।

## सुसमाचार सुनाउने भवन

लेफ्टिनेन्ट कर्नेल पिटर एन.के. डुओडुले भनेकि सैनिक अखडाको अगाडि रहेको चर्चले सैनिकहरूको बीचमा ज्योति बनेर चम्किरहेको छ। उहाँ एडभेन्टिस्ट चर्चको सैनिकहरूको निम्ति पास्टर वा चापलेन हुनुहुन्छ। "त्यस भवनले गर्दा अरू मानिसहरू आएर परमेश्वरको आराधना गर्न आउन चाहन्छन्। तिनीहरूले भन्छन्, "तपाईंको भवन असाध्यै राम्रो छ।' चर्चमा हामीले प्रचारै नगरेतापनि हाम्रो निम्ति प्रचार गरिरहेको छ," उनले सुनाए।

सैनिकहरू जसले त्यहाँ आराधना गर्छन्, तिनीहरूले चर्चको बारेमा राम्रो जानकारी पाएको हुन्छ। अझ त्योभन्दा बढी असल त तिनीहरूले परमेश्वर र मुक्तिको बारेमा सिक्दछन् भनेर उनले बताए। "हामी परमेश्वरलाई धन्यवाद दिन्छौं किनकि यस एडभेन्टिस्ट चर्चको माध्यमले सैनिकहरूको बीचमा सुसमाचर प्रचार गर्ने अवसर पाएको छ। यो हाम्रो निम्ति ठुलो उपलब्धी हो," उनले भने।

१७ वर्षको पुलिस अफिसर सामुएल मारफन जो पुलिस अखडाको केवल एकमात्र एडभेन्टिस्ट पास्टर वा च्यापलेन हुनुहुन्छ, उहाँले भन्नु हुन्छ यस एकेडेमी चर्चले पुलिसहरूको बिचमा धेरै प्रभाव पार्नेछ। त्यहाँ १५०० देखि २००० सम्म मानिसहरू बस्ने चर्च भवन हुनेछ। "परमेश्वरले हामीलाई सहयोग गर्नुहुनेछ। उहाँले चर्चको निर्माण गर्नुहुनेछ," विश्वस्त हुँदै उनले बताए।

जोसाया न्वारुङ्ग्वा वेस्ट सेन्ट्रल अफ्रिका डिभिजनका एडभेन्टिस्ट मिसनको निर्देशक हुनुहुन्छ। २००७ को त्रैमासिक भेटीले सैनिक ब्यारेकको अगाडि भव्य चर्च निर्माण गर्न पाएकोमा उहाँ धेरै खुशी हुनुहुन्छ।

"घानाको सैनिक फोर्समा एडभेन्टिस्टहरूको उपस्थिति अत्यन्तै प्रेरणादायी छ। यो ठाउँमा जो जो आउँछ त्यसले तिनीहरूलाई अनन्तको निम्ति प्रभुको निम्ति प्रभाव पार्ने केन्द्र होस् भन्ने मेरो प्रार्थना छ," जोसाया न्वारुङ्ग्वा बताउँछन्।